सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

स्वतः प्रकाशन (Proactive Disclosure)

आ.व. २०८३/८४ को प्रथम त्रैमासिक श्रावण देखि असोजसम्मको अवधिमा सम्पादित क्रियाकलापहरूको विवरण

कोशी प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय

पर्यटन कार्यालय

धरान,सुनसरी

विषय सूची

१. कार्यालयको स्वरुप र प्रकृति १

२. कार्यालयको काम, कर्तव्य र अधिकार १

३. कार्यालयको संगठन संरचना २

४. कार्यालयबाट प्रदान गरिने सेवाहरू ४

५. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी ४

६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर ४

७. कार्यालयबाट सम्पादित दर्ता नवीकरण लगायतका कामहरू ५

८. कार्यालयबाट सम्पादित प्रवर्द्धनात्मक कामहरु ५

९. कार्यालय प्रमुख, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी ५

१०. ऐन, नियम, कार्यविधि,मार्गदर्शनको सूची ६

११. आम्दानी, खर्च र आर्थिक कारोवार सम्बन्धी विवरण ६

१२. कार्यालयको वेबसाइट र ईमेल ७

१३. सामाजिक सञ्जाल उपस्थिति ७

१४. कार्यालयको सूचनाहरू ७

१६. कार्यालयबाट सम्पन्न विविध कार्यक्रमहरुको फोटोहरु ८

१. कार्यालयको स्वरुप र प्रकृति

कोशी प्रदेश सरकारको पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहत रहेको यस पर्यटन कार्यालय धरानको कार्यक्षेत्र भित्र कोशी प्रदेशको १० जिल्ला (सोलुखुम्बु, ओखलढुंगा, खोटाङ, उदयपुर, संखुवासभा, भोजपुर, धनकुटा, तेह्रथुम, मोरङ र सुनसरी) पर्दछन्।पर्यटनसँग सम्बन्धित व्यवसायहरूको दर्ता, नवीकरण तथा व्यावसायिक क्षेत्र, व्यवसायमा आवद्ध जनशक्तिको क्षमता विकासका लागि यस कार्यालयले कार्य गर्दछ।यस कार्यालयले विशेष गरी होमस्टे दर्ता, नवीकरण, खारेजी, ट्राभल एजेन्सीहरुको ईजाजत जारी गर्ने, नवीकरण र खारेजी तथा पथप्रदर्शकको लागि इजाजत दिने लगायतका प्रमुखक कामहरु गर्दछ।नयाँ-नयाँ पर्यटकीय गन्तव्यहरू पहिचानका लागि सरोकारवालाहरूसँग छलफल तथा अध्ययन अवलोकन गरी तिनको प्रचार प्रसार तथा प्रवर्धन गर्नु समेत यस कार्यालयको उद्देश्य हो।आफ्नो कार्यक्षेत्रभित्र रहेका जिल्लाहरुमा पर्यटकीय गतिविधिहरूलाई प्रोत्साहन, सहजीकरण, समन्वय तथा अनुगमन गर्ने लगायतका कामहरु पनि यस कार्यालयले गर्ने गर्दछ।

२. कार्यालयको काम, कर्तव्य र अधिकार

पर्टयन विकास ऐन, २०७६, पर्यटन विकास नियमावली, २०७७ र होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को अधिनमा रही यस कार्यालयको देहायमा उल्लिखित काम, कर्तव्य रहेको छ।

- आफ्नो क्षेत्राधिकार रहेका जिल्लाहरूमा होमस्टे दर्ता, नवीकरण, अनुगमन र खारेजी गर्ने,
- आफ्नो क्षेत्राधिकार रहेका जिल्लाहरूमा ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीहरूको इजाजत जारी, नवीकरण, अनुगमन र खारेजी गर्ने,
- पथप्रदर्शकको लागि इजाजत दिने, नवीकरण र खारेजी गर्ने,
- पर्यटन व्यवसायीहरूको क्षमता अभिवृद्धि सम्बन्धी तालिमहरू सञ्चालन गर्ने,
- पर्यटन व्यवसायीहरुको लागि सहयोग प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने,
- पर्यटन व्यवसायीहरुसँग छलफल तथा अन्तरक्रिया गर्ने,
- पर्यटन व्यवसायीहरुलाई आवश्यकता अनुसार परामर्श प्रदान गर्ने,
- पर्यटन प्रवर्द्धन सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गर्ने,
- पर्यटन प्रवर्धन तथा प्रचारप्रसार गर्ने।

३. कार्यालयको संगठन संरचना



क्र.सं.	पद	श्रेणी/तह	सेवा, समूह	दरबन्दी	पूर्ति	रिक्त
१	कार्यालय प्रमुख	सातौं/आठौं	प्रशासन, सा.प्र.	१	१	०
२	सहायक/अधिकृत	पाँचौं/छैटौं	प्रशासन, सा.प्र.	२	२	०
३	सहायक/अधिकृत	पाँचौं/छैटौं	प्रशासन, लेखा	१	१	०
४	ह.स.चा.	तह विहीन		१	०	१
५	कार्यालय सहयोगी	तह विहीन		२	२	०
	जम्मा			७	६	१

प्रमुख सचिव

कोशी प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय

पर्यटन कार्यालय

धरान

अस्थायी दरबन्दी तेरिज

क.सं.	दरबन्दीको विवरण		आ.ब. २०८२/८३ को स्वीकृत दरबन्दी सङ्ख्या	आ.ब. २०८३/८४ को प्रस्तावित दरबन्दी सङ्ख्या			कैफियत
	पद, नाम	तह, सेवा/समूह		थप	घट	जम्मा	
१.	शाखा अधिकृत/वरिष्ठ शाखा अधिकृत (कार्यालय प्रमुख)	७/८, (प्रशासन/सा.प्र)	१	०	०	१	
२.	नायब सुब्बा/सहायक अधिकृत	५/६, (प्रशासन/सा.प्र.)	२	०	०	२	
३.	लेखापाल/सहायक अधिकृत	५/६, (प्रशासन, लेखा)	१	०	०	१	
४.	ह.स.चा.	आधारभूत	१	०	०	१	
५.	कार्यालय सहयोगी	आधारभूत	२	०	०	२	
जम्मा			७	०	०	७	

प्रदेश सचिव

४. कार्यालयबाट प्रदान गरिने सेवाहरू

यस कार्यालयबाट कोशी प्रदेशका मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, भोजपुर, संखुवासभा, उदयपुर, खोटाङ, ओखलढुंगा र सोलुखुम्बु जिल्लामा देहाय बमोजिमका सेवाहरू प्रदान गरिन्छ।

- होम्सटे (घरबास) को दर्ता, नवीकरण, खारेजी सम्बन्धी कार्यहरू,
- ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको इजाजत जारी, नवीकरण, खारेजी सम्बन्धी कार्यहरू,
- पथप्रदर्शकको लागि इजाजत दिने, नवीकरण र खारेजी गर्ने,
- पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यहरु,
- होमस्टे सम्बन्धी विभिन्न तालिम तथा परामर्श।

५. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी

सि.नं.	शाखा	जिम्मेवार अधिकारी
१	कार्यालय प्रमुख	भिषम राई (वरिष्ठ शाखा अधिकृत)
२	प्रशासन शाखा	केशव प्रसाद फुयाल (सहायक अधिकृत)
३	पर्यटन प्रवर्धन शाखा	उपेन्द्र बहादुर श्रेष्ठ (सहायक अधिकृत)
४	आर्थिक प्रशासन शाखा	रेवती प्रसाद कट्टेल (सहायक अधिकृत लेखा)

६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर

यस कार्यालयबाट प्रदान गरिने सेवाहरू प्राप्त गर्दा लाग्ने दस्तुरहरू *पर्यटन विकास ऐन, २०७६, पर्यटन विकास नियमावली, २०७७, होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७, प्रदेश आर्थिक ऐन, २०८१* मा तोकिएको बमोजिम हुनेछ। जस अनुसार

होमस्टे दर्ताका लागि

- निजी होमस्टेको हकमा रु. २,०००/-
- सामुदायिक होमस्टेको हकमा रु. ५,०००/-

होमस्टे नवीकरणका लागि

- निजी होमस्टेको हकमा रु. ५००/-
- सामुदायिक होमस्टेको हकमा रु. १००/- प्रति घरका दरले हुन आउने एकमुष्ट रकम

ट्राभल तथा ट्रेकिङ एजेन्सीको लागि

- इजाजतपत्रको लागि रु- १८,०००/-
- नवीकरणको लागि रु. १०,०००/-

७. कार्यालयबाट सम्पादित दर्ता नवीकरण लगायतका कामहरू

यस कार्यालयबाट चालु आ.व. को पहिलो त्रैमासिक अवधिमा सम्पादित दर्ता नवीकरण सम्बन्धी कामहरू देहाय बमोजिम रहेका छन्।

क्रियाकलाप	होमस्टे			ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी		
	अघिल्लो त्रैमासिक सम्मको	यस त्रैमासिकको	जम्मा	अघिल्लो त्रैमासिक सम्मको	यस त्रैमासिकको	जम्मा
दर्ता/ईजाजत	०	१	**१**	०	२	**२**
नवीकरण	०	४	**४**	०	१	**१**
अनुगमन	०	७	**७**	०	५	**५**
खारेज	०	०	**०**	०	०	**०**
नामसारी	०	०	**०**	०	०	**०**
तालिम	०	१	**१**	०	०	**०**

८. कार्यालयबाट सम्पादित प्रवर्द्धनात्मक कामहरु

यस कार्यालयबाट यस अवधिमा गरिएका केही कामहरु देहायबमोजिम रहेका छन्।

क) पेडलर धरान माउनटेन बाइकिङ क्लबले आयोजना गरेको कोरा धरान साइक्लिङ कार्यक्रममा सहभागिता र सहयोगः- मिति २०८३ श्रावण २ गते धरानमा सम्पन्न।

ख) नेपाल भारतमैत्री मिथिला पर्यटकीय महोत्सव कार्यक्रमः- मिति २०८३ असोज १० गते बिराटनगरमा सम्पन्न।

ग) विश्व पर्यटन दिवस (सेप्टेम्बर २७) को अवसरमा धरान साइक्लिङसँगको सहकार्यमा १० कि.मी. साइक्लिङ कार्यक्रम र सुनसरी जिल्ला उद्योग वाणिज्य संघ धरानसँगको सहकार्यमा अन्तरक्रिया कर्यक्रम सम्पन्न।

घ) होमस्टे संचालन सम्बन्धी अभिमुखिकरण तालिम कार्यक्रमः- मिति २०८३ असोज २३ गते देखी २४ सम्म केराबारी गा.पा.०३, मोरङमा सम्पन्न।

९. कार्यालय प्रमुख, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी

कार्यालय प्रमुख : भिषम राई (९८५२०६२७८७)

सूचना अधिकारी : केशव प्रसाद फयल (९८४०२७९९४९)

गुनासो सुन्ने अधिकारी : केशव प्रसाद फयल (९८४०२७९९४९)

१०. ऐन, नियम, कार्यविधि,मार्गदर्शनको सूची

कार्यालयद्वारा सम्पादन गरिने कार्यहरू तथा प्रवाह गरिने सेवाहरूसँग सम्बन्धित प्रमुख ऐन, नियम तथा कार्यविधिहरू देहाय बमोजिम रहेका छन्।

(क) पर्यटन विकास ऐन, २०७६

(ख) पर्यटन विकास नियमावली, २०७७

(ग) होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

(घ) कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन, २०८३

११. आम्दानी, खर्च र आर्थिक कारोवार सम्बन्धी विवरण

यस कार्यालयबाट पहिलो त्रैमासिकमा भएका आर्थिक कारोबार सम्बन्धी विवरण देहाय अनुसार रहेका छन्।

बजेट उपशीर्षकः ३२९०४०१२३ चालुतर्फको प्रशासनिक खर्च

वार्षिक बजेट	अघिल्लो त्रैमासिक सम्मको खर्च	यस त्रैमासिकको खर्च	जम्मा खर्च	बाँकी बजेट
८३,४८,०००.००	०.००	१८,५२,३१०.००	१८,५२,३१०.००	६४,९५,६९०.००

बजेट उपशीर्षकः ३२९०४०१३ चालुतर्फको कार्यक्रम खर्च

वार्षिक बजेट	अघिल्लो त्रैमासिक सम्मको खर्च	यस त्रैमासिकको खर्च	जम्मा खर्च	बाँकी बजेट
१,००,००,०००.००	०.००	६,३०,३००.००	६,३०,३००.००	९३,६९,७००.००

बजेट उपशीर्षकः ३२९०४०१२४ पूँजीगततर्फको खर्च

वार्षिक बजेट	अघिल्लो त्रैमासिक सम्मको खर्च	यस त्रैमासिकको खर्च	जम्मा खर्च	बाँकी बजेट
३,५०,०००.००	०.००	०.००	०.००	३,५०,०००.००

दर्ता नवीकरणबाट प्राप्त राजस्वः

राजस्व शीर्षक	अघिल्लो त्रैमासिक सम्मको	यस त्रैमासिकको	कुल जम्मा
१४२१९ अन्य सेवा शुल्क तथा बिक्री	०.००	०.००	०.००
१४२२९ अन्य प्रशासनिक सेवा शुल्क	०.००	३,०००.००	३,०००.००
१४२५३ व्यवसाय रजिस्ट्रेशन दस्तुर	०.००	५४,८००.००	५४,८००.००
जम्मा	**०.००**	**५७,८००.००**	**५७,८००.००**

१२. कार्यालयको वेबसाइट र ईमेल

वेबसाइट : **https://tourismdharan.koshi.gov.np**
ईमेल : **tourismdharan@gmail.com**

१३. सामाजिक सञ्जाल उपस्थिति

फेसबुक लिङ्कः **https://www.facebook.com/tourismdharan**

१४. कार्यालयको सूचनाहरू

यस कार्यालयको सूचनाहरू कार्यालयको सूचना पाटी बाहेक कार्यालयको आधिकारिक वेबसाइट https://tourismdharan.koshi.gov.np मा समेत प्रकाशन गर्ने गरिएको।

१६. कार्यालयबाट सम्पन्न विविध कार्यक्रमहरुको फोटोहरु

कोरा धरान साइक्लिङ कार्यक्रम

नेपाल भारतमैत्री मिथिला पर्यटकीय महोत्सव कार्यक्रम बिराटनगर

विश्व पर्यटन दिवस (सेप्टेम्बर २७) को अवसरमा आयोजित साइक्लिङ कार्यकम्रमहरु

विश्व पर्यटन दिवस (सेप्टेम्बर २७) को अवसरमा आयोजित अन्तरक्रिया कार्यक्रम

होमस्टे संचालन सम्बन्धी अभिमुखिकरण तालिम भोगटेनी मोरङ

पर्यटन प्रवर्द्धनात्मक सहयोग कार्यक्रमः- Echoes of Heritage सांगितिक कार्यक्रम धरान